सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

सत्यवती गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३, संख्याः ५, मितिः २०७६/१२/२२

## भाग - २

सत्यवती गाउँपालिका

गुल्मी,

५ नं. प्रदेश, नेपाल

**कोभिड-१९ सन्दर्भमा कार्यसम्पादन जोखिम भत्ता कार्यविधि, २०७६**

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# सत्यवती गाउँपालिका

## कोभिड-१९ सन्दर्भमा कार्यसम्पादन जोखिम भत्ता कार्यविधि, २०७६

गाउँ कार्यपालिकाद्वारा स्वीकृत मितिः २०७६/१२/२२

सत्यवती गाउँपालिका

गुल्मी,

५ नं. प्रदेश, नेपाल

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

# कोभिड-१९ सन्दर्भमा कार्यसम्पादन जोखिम भत्ता कार्यविधि, २०७६

सत्यवती गाउँ कार्यपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सत्यवती गाउँ कार्यपालिकाले यो "कोभिड-१९ सन्दर्भमा कार्यसम्पादन जोखिम भत्ता कार्यविधि, २०७६" जारी गरेको छ ।

**प्रस्तावनाः**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ का कारण नेपाल सरकारद्वारा देशभर जारी लकडाउनका कारण उत्पन्न विषम परिस्थितिमा समेत कोभिड-१९ को संभावित संक्रमण रोकथाम, नियन्त्रण र उपचारमा संलग्न जनशक्ति एवम् जोखिम युक्त परिस्थितिमा सार्वजनिक बिदा पाइने अवस्थामा पनि कार्यालयमा हाजिर भएर गाउँपालिकाको दैनिक प्रशासनिक, प्राविधिक एवम् विकास सम्बन्धी कार्यमा खट्ने कर्मचारीलाई लक्षित गरी कर्मचारीको हौसला र मनोबल उच्च बनाउँदै कार्यसम्पादनलाई अझै उत्कृष्ट, प्रभावकारी, चुस्त, दुरुस्त, नियमित बनाउँदै सेवा प्रवाहलाई थप सुदृढ बनाउन वान्छनीय भएकाले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद -१

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधीको नाम "सत्यवती गाउँपालिकाको "**कोभिड-१९ सन्दर्भमा कार्यसम्पादन जोखिम भत्ता कार्यविधि, २०७६**" रहेको छ ।

(ख) यो कार्यविधी गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

(क) "कार्यालय" भन्नाले गाउँ कार्यंपालिकाको कार्यालय भन्ने सम्झनु पर्दछ ।

(ख) "अध्यक्ष" भन्नाले सत्यवती गाउँपालिकाका अध्यक्ष सम्झनुपर्दछ।

(ख)"कर्मचारी" भन्नाले कार्यालयमा कार्यरत प्राविधिक र अप्राविधिक दुबै स्थायी वा करार कर्मचारी भन्ने सम्झनुपर्दछ।

(ग) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले सत्यवती गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

पारिश्वर ढकाल
अध्यक्ष

(छ) जोखिम भत्ता भन्नाले कोभिड-१९ को सम्भावित संकम्रणको अवस्थामा समेत निरन्तर कार्यमा संलग्न स्वास्थ्यकर्मी एवम् कर्मचारीलाई उपलब्ध गराउने भत्ता भन्ने बुझिन्छ।

## परिच्छेद- २

## जोखिम भत्ता कार्यान्वयन कार्यविधि

क) लकडाउनको समयमा कार्यरत स्वास्थ्यकर्मी एवम् कर्मचारीलाई अनुसूचि १ बमोजिमको जोखिम भत्ता उपलब्ध गराइनेछ।

ख) बिदा वा भ्रमण खर्च नियमावली बमोजिमको दररेटमा दैनिक भ्रमण भत्ता प्राप्त गर्ने कर्मचारीको ती दिन बराबरको जोखिम भत्ता दैनिक दर निकाली कट्टी गरिनेछ।

ग) प्रत्येक कर्मचारीले लकडाउनको समयमा आफूले गरेको कामको विवरण तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्षपेश गर्नुपर्नेछ।

घ) प्रमुख प्रशासकीय अधिकृतले कर्मचारी लकडाउनका बेला गरेको काम हेरी विवरण स्वीकृत गर्नुपर्नेछ।

## परिच्छेद- ३

## बजेटको प्रवन्ध

क) कर्मचारीलाई उपलब्ध गराइने जोखिम भत्ता गाउँपालिकाको आन्तरिक आय, कन्टिन्जेन्सी खर्च तथा राजस्व बाँडफाँडबाट प्राप्त मध्ये कुनै शीर्षकबाट खर्च लेख्न सकिनेछ।

## परिच्छेद- ४

## विविध

क) बाधा अड्काउ फुकाउने अधिकारः यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा त्यसलाई फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ।

ख) संशोधनः यस कार्यविधि संशोधन गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ।

अध्यक्ष

अनुसूचि-१

| क्र.सं. | कर्मचारी | दररेट | कैफियत |
|---|---|---|---|
| १ | डाक्टर | तलबको ५०% | |
| २ | ल्याब कर्मचारी | तलबको ४८%<br>थप सुविधा प्रतिः पिसिआर- रु.५००/- र प्रति आरडिटि- रु.२०० | |
| ३ | हेल्प डेस्क रुद्रवेणी | प्रति दिन रु.१०००/- | |
| ४ | प्रमुख प्रशासकीय अधिकृत र स्वास्थ्य शाखाका कर्मचारीहरु | तलबको ४५% | |
| ५ | हेल्थ पोस्ट इन्चार्ज | तलबको ४०% | |
| ६ | कोरोना नियन्त्रण टिममा कार्यरत सहयोगी कर्मचारी २ जना | तलबको ३५% | |
| ७ | प्रास्वाकेका अन्य सबै कर्मचारी | तलबको ३५% | |
| ८ | स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाइका सबै कर्मचारी | तलबको ३०% | |
| ९ | गाउँपालिकाको कार्यालयका सबै कर्मचारी र वडा सचिवर प्राविधिक कर्मचारी | तलबको २५% | |

| | | | |
|---|---|---|---|
| १० | वडा कार्यालयका अन्य कर्मचारी | तलबको २०% | |
| ११ | महिला स्वास्थ्य स्वयमसेविका भत्ता | मासिक १५०० | |
| १२ | वडाका कृषि र पशु प्राविधिक | तलबको १०% | |

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

परिश्वर ढकाल
अध्यक्ष